गण्डकी राजपत्र

# गण्डकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : २ संख्या :३ मिति : २०७५/०३/१०

**भाग : १**
**गण्डकी गाउँपालिका**

# गण्डकी गाउँपालिकाको आर्थिक ऐन २०७५

## गण्डकी गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना :** गण्डकी गाउँपालिका आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलनगर्ने , छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपाल संविधानको धारा २८८ को उपधारा (२) बमोजिम गण्डकी गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम आर्थिक ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखी गण्डकी गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. सम्पति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पति कर /घरजग्गा कर लगाईने असुल उपर गरिनेछ ।

**३. भुमि कर (मालपोत ) :** गाउँपालिका क्षेत्रभित्र अनुसुचि (२) बमोजिम भुमि कर (मालपोत) लगाईने र असुलउपर गरिनेछ ।

**४. घर वहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति संस्थाले भवन , घर , पसल, गोदाम , टहरा ,छप्पर , जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

**५. व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार , व्यवसाय वा सेवा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुचि (४) बमोजिम व्यवसाय कर लगाईदिने र असुलउपर गरिनेछ ।

**६. जडिबुटि , कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति र संस्थाले ऊनखोटो , जडिबुटि , वनकस , कवाडी , काल र प्रचलितकानुनले निषेध गरिएको जीवजनतु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तु हाड , सिङ प्वाँख , छाला जस्ता बस्तुको व्यवसायिकक कारोवार गरेवापत अनुसुचि (५) बमोजिमको कर लगाईने र असुलउपर गरिएको छ ।

**७. सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुचि (६) बमोजिम सवारी साधन कर लगाईने र असुलउपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन अनुसुचि (७) बमोजिम विज्ञापन कर लगाईने र असुलउपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोअवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. मनोरन्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसुचि (८) बमोजिम व्यवसाय कर लगाईने । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी कर :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण , रेखदेख वा संचालन गरेका अनुसुचि (९) मा उल्लेख भए अनुसार हाट वजार वा पसलमा

सोहि अनुसुचिमा भएको व्यवस्थाअनुसार बहाल बिटौरी शुल्क लगाईने र असुलउपर गरिनेछ ।

**११. पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसुचि (१०) बमोजिम पार्किङ शुल्क लगाईने असुलउपर गरिनेछ ।

**१२. ट्रकिङ्ग कोयोकिड , क्यानोइङ्ग बन्जीजम्पिङ्ग जिप पलायर र चाफटीङ्ग :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रकिङ्ग कोयोकिड , क्यानोइङ्ग बन्जीजम्पिङ्ग जिप पलायर र चाफटीङ्ग सेवा वा व्यासाय संचालन गरेवापत अनुसुचि (११) बमोजिम शुल्क लगाईने र असुलउपर गरिनेछ ।

**१३. सेवा शुल्क , दस्तुर :** गाउँपालिका निर्माण , संचालन वा व्यवस्थापन गरेका अनुसुचि (१२) मा उल्लिखित स्थानीय पुर्वाधार स उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भएअनुसार शुल्क लगाइने अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१४. पर्यटक शुल्क :** गाउँपालिका आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुचि (१३) मा उल्लिखित दरमा पर्यटक शुल्क लगाईने र असुलउपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐन भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**आज्ञाले,**
**देवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**